नगर उप प्रमुख श्री छायाँ देवकोटा, भजनी नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री अंचला चौधरी, गौरीगंगा नगरपालिका, कैलाली ।

उपाध्यक्ष श्री भगवती ~~चौधरी~~ डगौरा थारु, बर्दगोरीया गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री गीता कठरिया, जोशीपुर गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री उमा महतो, जानकी गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री दिपादेवी साउद, चुरे गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री लक्ष्मी सत्गौंवा थारु, कैलारी गाउँपालिका, कैलाली ।

जि.स.स. सदस्य श्री ललित साउद

जि.स.स. सदस्य श्री टेक बहादुर बुढा

जि.स.स. सदस्य श्री देवी भण्डारी

जि.स.स. सदस्य श्री मालती (वि.क.) सार्की

जि.स.स. सदस्य श्री विष्णु प्रसाद डंगौरा

जि.स.स. सदस्य श्री राजकुमारी महतो राज कुमारी

जि.स.स. सदस्य श्री मिना चौधरी

सदस्य सचिव नि· जि·स·अ· बिमलप्रकाश जोशी

**प्रस्ताव नं.१: शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१:** कैलाली जिल्लाको **मोहन्याल गाउँपालिकाका अध्यक्ष श्री नवल सिंह रावल ज्यूको** उच्च रक्तचाप र मस्तिष्कघातका कारण उपचारको क्रममा मिति २०७७ चैत्र १७ गते मंगलबारका दिन विहान काठमाडौँको अन्नपूर्ण न्युरो अस्पतालमा र जिल्ला समन्वय समिति महासंघका केन्द्रीय उपाध्यक्ष एवं **जिल्ला समन्वय समिति डडेल्धुराका प्रमुख श्री गणेश दत्त भट्ट ज्यूको** उच्च रक्तचाप र मस्तिष्कघातका कारण उपचारकै क्रममा काठमाडौँको अन्नपूर्ण न्युरो अस्पतालमा मिति २०७८ पौष ५ गते सोमबारका दिन विहान दुखद एवं असामयिक निधन भएकोमा दुखित हुँदै मृतकको आत्माको चिर शान्ति एवं बैकुण्ठ बासको कामना गर्ने र शोक सन्तप्त परिवारजनलाई दु:खको यस घडीमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: निवृत्त जिवनको शुभकामना सम्बन्धमा ।**

**निर्णय नं. २:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,सिंहदरबार ,काठमाडौँको च.नं. २७५ मिति २०७८/१०/०६ गतेको पत्र र सोही मितिको सचिव स्तरीय निर्णय बमोजिम यस कार्यालयका जिल्ला समन्वय अधिकारी एवं जिल्ला सभाका निवर्तमान सदस्य सचिव श्री बीर बहादुर शाही मिति २०७८/१०/०८ मा ५८ वर्ष पूरा भई निजामती सेवा ऐन,२०४९ को दफा ३३ बमोजिम जन्म मितिको आधारमा २०७८/१०/०९ देखि लागू हुनेगरी उमेर हदको कारण नेपाल सरकारको सेवाबाट अवकाश हुनु भएकोमा वहाँले लामो समय नेपाल सरकारको सेवामा रही पुर्याउनु भएको योगदान प्रति हार्दिक आभार प्रकट गर्दै वहाँको सफल, सुखद र आरोग्यपूर्ण निवृत्त जिवनको निम्ति शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३: जि.स.स. को कार्यालयमा महिला तथा बालबालिका शाखा स्थापना गर्ने सम्बन्धमा ।**

**निर्णय नं.३:** नेपालको सविधान,२०७२ को धारा २१ मा अपराध पीडितको हकको व्यवस्था भएको, महिला, बालबालिका, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि विभिन्न कानूनी प्रबन्धन गरिएको, कानूनी उपचारका लागि न्यायिक तथा अर्द्ध न्यायिक निकायहरु जिल्ला सदरमुकाममा केन्द्रित रहेको तर संघियता कार्यान्वयनको क्रममा हिंसापीडित एवं संकटासन्न महिला तथा बालबालिकाको संरक्षण र न्यायका लागि समन्वय गरिरहेको जिल्ला स्तरीय महिला तथा बालबालिका कार्यालय खारेज हुँदा पीडितको पक्षमा पैरवीका लागि स्थानीय तहहरुमा रहेका महिला तथा बालबालिका शाखाहरुको जिल्ला स्तरीय समन्वयकारी संरचना नहुँदा संस्थागत रिक्तताको कारण कार्यसम्पादनमा असहजता भएको भन्ने गुनासो विभिन्न स्थानीय तहका कर्मचारीहरु लगायत सरोकारवालाबाट प्राप्त भएकोले उक्त गुनासो व्यवस्थापनार्थ ७७ वटै जिल्ला समन्वय समितिको कार्यालयमा एकजना महिला विकास अधिकृत सहित कम्तिमा २ जना कर्मचारी रहनेगरी महिला तथा बालबालिका शाखा स्थापना गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

नि. जिल्ला समन्वय अधिकारी

**प्रस्ताव नं.-४: मौज्दात कोषबाट कार्यान्वयन गरिने योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं.-४:** जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम कार्यान्वयन गरिने योजना छनौट गर्ने प्रयोजनका लागि निर्देशिकाको दफा ३ अनुसार कार्यक्रम व्यवस्थापन समितिको व्यवस्था गरिएकोमा समितिबाट गत जिल्ला सभादेखि हालसम्म छनौट भएका योजना अनुमोदन गर्दै चालु आ.व. को बाँकी अवधीमा समेत निर्देशिका बमोजिम योजना छनौट, कार्यान्वयन, अनुगमन र भूक्तानीका सम्बन्धमा नियमानुसार आवश्यक निर्णय लिने अधिकार कार्यक्रम व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५: प्रदेश पूर्वाधार विकास कार्यक्रमको मोडालिटी परिवर्तन गर्न अनुरोध गर्ने सम्बन्धमा ।**

**निर्णय नं.५:** सुदूरपश्चिम प्रदेश अन्तर्गत प्रदेश पूर्वाधार विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली,२०७६ अन्तर्गत योजना छनौट गर्दा स-साना टुक्रे एवं कम प्रतिफल युक्त योजनालाई प्राथमिकता दिएको पाइएको, योजनाको भूक्तानी मापदण्डमा एकरुपता नभएको, योजनाको संख्या अत्याधिक हुँदा अनुगमन प्रभावकारी नभएको र विधि निर्माताहरुले योजना तथा बजेटको चलचक्करमा फसी यस्ता कार्यलाई बढावा दिंदा मूल प्राथमिकताबाट विचलित भई बजेटको सदुपयोग समेत नहुने भएकोले अब उप्रान्त विधि निर्माता सांसदहरुबाट योजना माग गरी ती योजनालाई रातो किताबमा समावेश गर्नेगरी प्रदेश पूर्वाधार विकास कार्यक्रमको मोडालिटी परिवर्तन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६: दरबन्दी तेरीज संशोधन गर्न अनुरोध गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६:** जिल्ला समन्वय समितिको कार्यालय, कैलालीको निम्ति श्रेणीविहिन तर्फको दरबन्दी चार्टमा कार्यालय सहयोगी पदमा ३ र हलुका सवारी चालक पदमा ३ दरबन्दी स्वीकृत भएकोमा कार्यालयमा २ वटा सवारीसाधन मात्र रहेको अवस्था छ । जिल्ला समन्वय समितिको सचिबालय र कार्यालयका विभिन्न शाखाको कार्य सघनताले कार्यालय सहयोगीमा १ दरबन्दी न्यून रहेको छ । प्रस्तुत सन्दर्भमा दरबन्दी पुनरावलोकन गरी हलुका सवारी चालकको १ दरबन्दी घटाई उक्त दरबन्दीलाई कार्यालय सहयोगीको दरबन्दीमा थप गरी कार्यालय सहयोगीको कुल दरबन्दी संख्या ४ पुर्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाइ अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: हात्तिपाइले रोग निवारणको निम्ति औषधी सेवन अभियान सफल पार्ने सम्बन्धमा ।**

**निर्णय नं.७:** सुदुरपश्चिम प्रदेश सरकार, स्वास्थ्य कार्यालय, कैलालीको संयोजनमा २०७८ फाल्गुण २८ गतेदेखि कैलाली जिल्लामा समेत शुरु गरिने **हात्तिपाइले रोग निवारणको निम्ति औषधी सेवन अभियान-२०७८** लाई पूर्ण रुपमा सफल पार्न हामी सम्पूर्ण सरोकारवालाको तर्फबाट वडा स्तरसम्मका आफ्ना संरचनाहरुलाई क्रियाशील पार्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८: जिन्सी लिलाम प्रक्रियालाई टुंगोगा पुर्याई जिन्सी व्यवस्थापन गर्ने सम्बन्धमा ।**

**निर्णय नं.८:** जिल्ला समन्वय समितिको कार्यालयमा रहेका सवारीसाधन लगायत अन्य जिन्सी समान प्रयोगविहीन हुने अवस्था भई लिलाम प्रक्रिया प्रारम्भ भएका मालसमानको लिलाम सम्बन्धी कार्यलाई तार्किक निष्कर्षमा पुर्याई जिन्सी व्यवस्थापन गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

जिल्ला समन्वय अधिकारी

**प्रस्ताव नं.९: नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरण सम्बन्धी निर्णय कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं.९:** नदीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री वितरणलाई व्यवस्थित एवं विधि सम्मत बनाउन सो सम्बन्धी जिल्ला स्तरीय अनुगमन समिति तथा अन्य बैठकबाट भएका निर्णय कार्यान्वयन गर्न विभिन्न स्थानीय तहहरुबाट जिम्मेवारपूर्ण भूमिका निर्वाह भएको नपाइएकोले निर्णय बमोजिम गर्न सरोकारवाला स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१०: कर्णाली नदी व्यवस्थापन सम्बन्धी अन्तर जिल्ला समन्वय बैठकका निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।**

**निर्णय नं.१०:** कर्णाली नदीमा नदीजन्य पदार्थको संकलन तथा उत्खनन् लगायत विविध कारणले नदीको धार परिवर्तन भई सृजित परिस्थितिजन्य जोखिमलाई व्यवस्थापन गरी नदीबाट बहुपक्षीय लाभ लिन गत विगतमा भएका अन्तरजिल्ला समन्वय बैठक र जिल्ला स्तरीय अनुगमन समिति तथा अन्य बैठकबाट भएका निर्णय कार्यान्वयन गर्न सम्बद्ध निकाय एवं विभिन्न स्थानीय तहहरुबाट जिम्मेवारपूर्ण भूमिका निर्वाह भएको नपाइएकोले निर्णय बमोजिम गर्न सरोकारवाला सबैलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.११: मुद्धाको कानूनी प्रतिरक्षार्थ बजेट व्यवस्था सम्बन्धमा।**

**निर्णय नं.११:** जिल्ला समन्वय समितिका प्रमुख सूर्य बहादुर थापा र जिल्ला समन्वय समितिको कार्यालय, कैलाली वादी एवं लम्की चुहा न.पा.-१ स्थित शाही कन्स्ट्रक्सन सर्भिसेज प्रा.लि. का संचालक श्री दान बहादुर शाही प्रतिवादी हुनेगरी मुद्धा दोहोर्याइ हेरिदिन अनुरोध सहित परमादेश मुद्धा **(मुद्धा नं. ०७६-RI-०५८०, फाँट: निवेदन ३)** मिति २०७६/०५/०८ मा सम्मानित सर्वोच्च अदालतमा दायर भएकोमा मुद्धाको कानूनी प्रतिरक्षा महान्यायाधिवक्ताको कार्यालयबाट हुन नसक्ने जानकारी प्राप्त भएको र उक्त प्रयोजनका लागि जिल्ला समन्वय समितिको कार्यालयमा बजेट व्यवस्था समेत नभएको सन्दर्भमा साविक जिल्ला विकास समिति हुँदादेखिका विभिन्न मुद्धाहरुको फलोअप र कानूनी प्रतिरक्षार्थ आवश्यक बजेटसँग सम्बन्धित विषयमा मिति २०७७/०९/१२ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट राय प्रतिक्रिया सहित निर्देशन माग भएकोमा हालसम्म पनि प्राप्त नभएकोले पुनः बजेट व्यवस्था वा अन्य उपयुक्त विकल्पका निम्ति राय माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१२: कार्यक्रम खर्चतर्फ विनियोजित बजेटको शिर्षकगत संशोधन सम्बन्धमा।**

**निर्णय नं.१२:** जिल्ला समन्वय समितिको मिति २०७८/०५/२२ गते बसेको ७६ औं बैठकको निर्णय बमोजिम जिल्ला समन्वय समितिको कार्यालयको निम्ति आ.व. २०७८/०७९ का लागि शिर्षकगत बाँडफाँड गरिएको रकम मध्ये खर्च संकेत नं.२२५२२ मा विनियोजित जिल्ला सभा तथा समिक्षा गोष्ठी र जि.स.स. को डकुमेन्ट्री निर्माण शिर्षकको बजेटबाट जि.स.स. सदस्यहरुको अध्ययन अवलोकन भ्रमण वा अन्य उपयुक्त कार्यक्रम समेत समावेश गर्नेगरी विनियोजित बजेटको शिर्षकगत संशोधन गर्ने अधिकार जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

प्रि. जिल्ला समन्वय अधिकारी

**प्रस्ताव नं.१३: नदीजन्य पदार्थ उत्खनन् एवं क्रसर उद्योग संचालन प्रावधान सम्बन्धमा ।**

**निर्णय नं.१३:** सडक डिभिजन कार्यालय, महेन्द्रनगरबाट प्राप्त पत्रानुसार विभिन्न स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन् गर्दा/गराउँदा र क्रसर उद्योगीहरुले क्रसर उद्योग संचालन गर्दा राजमार्गको क्षेत्राधिकार र पुलभन्दा कम्तिमा ५०० मिटर दूरीको प्रावधान पालना गरेको नपाइएकोले उक्त प्रावधानहरु कडाइका साथ पालना गर्न/गराउन स्थानीय तह लगायत सम्पूर्ण सरोकारवालाले प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१४: नदीजन्य पदार्थ ढुवानी साधनले पानी निखारेर पक्की सडकमा प्रवेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१४:** सडक डिभिजन कार्यालय, महेन्द्रनगरबाट प्राप्त पत्रानुसार कैलाली जिल्लाका विभिन्न खोला/नदीबाट नदीजन्य पदार्थ ढुवानी गरी ल्याउने साधनले सिधै पानीबाट झिकी ढुवानी गर्दा पानी सहित पक्की सडकमा प्रवेश गर्दा सडक क्षती हुने क्रम बढिरहेकोले अब उप्रान्त यस्ता साधनहरुलाई पानी निखारेर मात्र पक्की सडकमा प्रवेश गर्न/गराउन स्थानीय तह, सुरक्षा निकाय लगायत सम्पूर्ण सरोकारवालाले निगरानी गर्नुपर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५: नदीजन्य पदार्थको उत्खनन् तथा संकलन अवस्थाको आन्तरिक अनुगमन सम्बन्धमा ।**

**निर्णय नं.१५:** नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री वितरणको सन्दर्भमा स्थानीय अनुगमन संयन्त्र प्रभावकारी हुन नसक्दा नदी खोलामा जथाभावी उत्खनन् भई नियमित धार परिवर्तन हुँदा खेत तथा बस्तीहरु डुबान एवं कटानको चपेटामा परेको, वर्षेनी बालीनाली/जिउधनको क्षती हुने गरेकोले उक्त समस्या समाधानार्थ प्रत्येक स्थानीय तहले आन्तरीक अनुगमनलाई प्रभावकारी बनाउनु उपयुक्त हुने देखिएकोले सोही बमोजिम गर्न सम्बन्धित स्थानीय तहलाई पत्राचार गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१६: सडक सुरक्षा, हत्या हिंसा एवं लागू पदार्थ नियमन, नियन्त्रण सम्बन्धी समन्वय बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं.१६:** यस जिल्लामा बिगत केही समयदेखि लागुपदार्थ दुर्व्यशन, सडक दुर्घटना, हत्या हिंसा लगायत सामाजिक अपराधका घटनाहरु दिन प्रतिदिन बढ्दै गैरहेकोले उक्त समस्याहरुको समाधानार्थ नियमन, नियन्त्रण र रोकथामका उपायहरु पहिचान गरी सुरक्षा व्यवस्थापनमा प्रभावकारिता ल्याउन मिति २०७८/०८/१५ गते आयोजना गरिएको स्थानीय तहका पदाधिकारी, स्थानीय प्रशासन, प्रहरी, सडक निर्माण एवं सडक यातायात व्यवस्थापनमा संलग्न निकाय सहित सरोकारवालाको समन्वय बैठकबाट भएका निर्णयको सान्दर्भिकतालाई मनन गर्दै उक्त निर्णय कार्यान्वयनमा जिल्लाका स्थानीय तह सहित सरोकारवालाले इमान्दार प्रयत्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७: धानबाली क्षती भएका किसानलाई थप राहत रकम माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१७:** मिति २०७८ आश्विन ३१ गते बेलुकादेखि लगातार ३ दिनसम्म परेको झरीले धान बाली भित्र्याउने समयमा हजारौं हेक्टर जग्गामा काटिएको र काट्नलाई तयारी अवस्थामा रहेको धान काम नलाग्ने भएको, केरा तथा बेमौषमी तरकारी बालीमा कृषकहरुले अकल्पनीय क्षती व्यहोर्नु परेकोमा नेपाल सरकारबाट प्राप्त राहत जिल्लाबाट पठाइएको क्षतिको आँकडाको आधारमा अत्यन्त

जिल्ला समन्वय अधिकारी

न्यून भएकोले माग भए बमोजिम सबै किसानलाई वितरण गर्न पुग्नेगरी राहत उपलब्ध गराइदिन जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१८: गत विगत बैठकहरु एवं जिल्ला सभाका निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं.१८:** जिल्ला समन्वय समिति एवं जिल्ला सभाबाट गत विगतमा भएका निर्णयहरु अत्यन्त महत्वपूर्ण र दूरगामी महत्वका भएतापनि कार्यान्वयन निकायबाट कार्यान्वयनमा उदासिनता भएको देखिएकोले उक्त निर्णयहरु कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला क्रियाशील हुने निर्णय गरियो ।

**प्रस्ताव नं. १९: निर्णय अनुमोदन तथा अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १९:** जिल्ला समन्वय समितिबाट चौथो जिल्ला सभादेखि हालसम्म भएगरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्दै आगामी जिल्ला सभासम्म समन्वय समिति, समितिको कार्यालय र स्थानीय तहको प्रभावकारिता अभिवृद्धि गर्न कानून बमोजिम आवश्यक निर्णय लिने अधिकार जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

नि. जिल्ला समन्वय अधिकारी

आज मिति २०७८ साल फाल्गुण ९ गते सोमबारका दिन अपरान्ह १:०० बजे कैलाली जिल्लाको पाँचौं जिल्ला सभा जिल्ला समन्वय समिति कैलालीका प्रमुख श्री सूर्य बहादुर थापा ज्यूको अध्यक्षता एवं तपसिल बमोजिमको उपस्थितिमा जिल्ला समन्वय समितिको जिल्ला सभा हलमा बसी बिभिन्न निर्णय गरियो।

उपस्थिति

अध्यक्षता: जिल्ला समन्वय समिति, कैलालीका प्रमुख श्री सूर्य बहादुर थापा

नगर प्रमुख श्री नृप बहादुर वड, धनगढी उप महानगरपालिका, कैलाली।

नगर प्रमुख श्री तपेन्द्र बहादुर रावल, टिकापुर नगरपालिका, कैलाली।

नगर प्रमुख श्री हरिसिंह साउद, गोदावरी नगरपालिका, कैलाली।

नगर प्रमुख श्री महादेव बजगाईं, लम्की चुहा नगरपालिका, कैलाली।

नगर प्रमुख श्री ममता प्रसाद चौधरी, घोडाघोडी नगरपालिका, कैलाली।

नगर प्रमुख श्री शेर बहादुर चौधरी, भजनी नगरपालिका, कैलाली।

नगर प्रमुख श्री भिम बहादुर देउवा, गौरीगंगा नगरपालिका, कैलाली।

जिल्ला समन्वय समिति, कैलालीका उप प्रमुख श्री सुन्दरी देवी चौधरी।

अध्यक्ष श्री बलिराम चौधरी, बर्दगोरीया गाउँपालिका, कैलाली।

अध्यक्ष श्री रामकृष्ण चौधरी, जोशीपुर गाउँपालिका, कैलाली।

अध्यक्ष श्री प्रदिप कुमार चौधरी, जानकी गाउँपालिका, कैलाली।

का.वा. अध्यक्ष श्री पूजा बुढा, मोहन्याल गाउँपालिका, कैलाली।

अध्यक्ष श्री धन बहादुर रोक्का, चुरे गाउँपालिका, कैलाली।

अध्यक्ष श्री लाजुराम चौधरी, कैलारी गाउँपालिका, कैलाली।

नगर उप प्रमुख श्री सुशिला मिश्र भट्ट, धनगढी उप महानगरपालिका, कैलाली।

नगर उप प्रमुख श्री केशरी बिष्ट रावल, टिकापुर नगरपालिका, कैलाली।

नगर उप प्रमुख श्री रत्ना कठायत, गोदावरी नगरपालिका, कैलाली।

नगर उप प्रमुख श्री टिका थापा, लम्की चुहा नगरपालिका, कैलाली।

नगर उप प्रमुख श्री प्रेम कुमारी थापा, घोडाघोडी नगरपालिका, कैलाली।